मिति: २०८२/०५/२३ नेसं. ११४५ ञलागा १ सोमबार बैठक संख्या - २

आज मिति २०८२/०५/२३ गते सोमबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८२/०८३ को दोस्रो गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ........................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ........................

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ........................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ........................

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ........................

६. वडा अध्यक्ष : श्री धनपति गिरी ........................

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ........................

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ........................

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ........................

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ........................

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ........................

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ........................

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई........................

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ........................

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा........................

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ........................

१७. ईन्जिनियर श्री हिमाल पुरी........................

१८. कम्प्युटर अपरेटर श्री लक्ष्मी चुहान........................

१९. कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङ्देन........................

**<u>प्रस्तावहरु</u>**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, निर्देशन, आदेश तथा मागपत्रहरुको जानकारी सम्बन्धमा।
२. अघिल्लो कार्यपालिकाको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा।
३. निकासी करको ठेक्का व्यवस्थापन सम्बन्धमा।
४. सामी कार्यक्रम सञ्चालन सम्बन्धमा।
५. भू बर्गीकरण कित्तागत कार्य अगाडी बढाउने सम्बन्धमा।
६. जोरपोखरी नेपाली सेनाको भोगचलन गरेको जग्गाको सिफारिस सम्बन्धमा।
७. पाँच शैयाको अस्पतालको भिओ सम्बन्धमा।
८. पाँच शैया अस्पतालको Firefighting र AC Drawing को जाँच गरि परिवर्तनको लागि परामर्श सेवा लिने सम्बन्धमा।
९. असक्त तथा विपद सम्बन्धी आर्थिक सहायता सम्बन्धमा।
१०. अन्य आर्थिक सहायता सम्बन्धमा।

मिति: २०८२/०५/२३ ने.सं. ११४५ अलागा १ सोमबार बैठक संख्या - २

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हाल सम्म प्राप्त भएका निर्देशन, परिपत्र तथा माग पत्रहरु यस कार्यापालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृतद्धारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो। उक्त विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमबाट सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो।

**तपसिल:**

| क्र.सं. | च.नं. | मिति | पत्राचार गर्ने निकाय/निर्णय गर्ने निकाय | विषय | कैफियत |
|---|---|---|---|---|---|
| १. | ३७ | २०८२-०४-१८ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | जानकारी सम्बन्धमा। | |
| २. | १४ | २०८२-०४-२२ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वातावरण तथा विपद् समन्वय शाखा) | राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना सम्बन्धमा। | |
| ३. | ५० | २०८२-०४-२६ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | जानकारी सम्बन्धमा। | |
| ४. | ५२ | २०८२-०४-२६ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | निर्णय कार्यान्वयन सम्बन्धमा। | |
| ५. | ५४ | २०८२-०४-२६ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | जानकारी सम्बन्धमा। | |
| ६. | २१ | २०८२-०५-०३ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सामाजिक समावेशीकरण शाखा) | नीतिगत सिफारिस सम्बन्धमा। | |
| ७. | ६८ | २०८२-०५-०३ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | अनुदान मल वितरण व्यवस्थापन कार्यविधि २०८२ सम्बन्धमा। | |
| ८. | ८१ | २०८२-०५-०८ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | उपलब्ध गराउने सम्बन्धमा। | |
| ९. | ८४ | २०८२-०५-१० | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | फैसला/आदेश कार्यान्वयन सम्बन्धमा। | |
| १०. | २६ | २०८२-०५-११ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सामाजिक समावेशीकरण शाखा) | निर्णय सिफारिस सम्बन्धमा। | |
| ११. | ८७ | २०८२-०५-१२ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | ३५ दिने सूचना प्रकाशन तथा प्रचारप्रसार सम्बन्धमा। | |
| १२. | ९३ | २०८२-०५-१८ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | निर्णय कार्यान्वयन सम्बन्धमा। | |

**निर्णय नं. - २**

हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिका बैठकमा भएका निर्णयहरुको हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ बमोजिम प्रभावकारी कार्यान्वयन लागि अघिल्लो बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा प्रमुख प्रशासकीय अधिकृतबाट जानकारी लिई थप प्रभावकारी कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत विषयगत शाखाहरुलाई निर्देशन दिने।

**निर्णय नं. - ३**

हिलिहाङ गाउँपालिकाको क्षेत्रबाट निकासी भई अनुसूची ५ बमोजिमको वस्तुहरुको निकासीका लागि हिलिहाङ गाउँपालिकाको आर्थिक ऐन २०८२ अनुसूची ५ बमोजिमको कर संकलन गर्ने प्रयोजनका लागि आ व २०८१।०८२ मा हिलिहाङ गाउँपालिकाबाट आह्वान गरि रु १ लाख ७५ हजारको दरमा निकासी करको आय ठेक्का व्यवस्थापन भएकोमा मिति २०८२।०३।२९ गतेको स्थानीय राजश्व परामर्श समितिको निर्णय अनुसार आ व २०८२।०८३ का लागि रु ५ लाख (मु अ कर बाहेक) मा ठेक्का आह्वान गरेकोमा कुनै पनि व्यवसायीले प्रस्ताव पेश नगरेको कारण गाउँपालिकाले आ व २०८२ श्रावण महिना देखि अमानतबाट राजश्व संकलनका लागि हेवाखोला नजिकैबाट निकासी कर संकलन गर्दै आएको छ। पालिकाले लगभग २ महिनाको अन्तरालमा निकासी कर व्यवस्थापन गर्दा लागत ज्यादै नै धेरै भएको र राजश्वको संकलनको अवस्थाले प्रशासनीक खर्च समेत धान्न धौ-धौ पर्ने भएको हुदाँ सो सम्बन्धी ठेक्का व्यवस्थापन गर्नका लागि न्यूनतम रकम रु ३ लाख मु अ कर बाहेक को बढाबढ रकममा ठेक्का आह्वान गर्दा कूनै फरक नपर्ने र जसबाट पालिकालाई अतिरिक्त प्रशासनीक व्ययभार समेत नपर्ने अवस्थालाई दृष्ट्रिगत गरि तोकीएको रकममा बढाबढ बाट ठेक्का आह्वान गर्ने निर्णय गरियो।

मिति: २०८२/०५/२३ ने.सं. ११४५ ञलागा १ सोमबार बैठक संख्या - २

**निर्णय नं. - ४**

यस हिलिहाङ गाउँपालिकामा वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्धेश्यले सरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनमा रहेकोले यस गाउँपालिका भित्र यस आर्थिक वर्षमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना प्रवाह, वैदेशिक रोजगारीसँग सम्बन्धित सचेतनामूलक कार्यक्रमहरु सञ्चालन, मनोसामाजिक परामर्शसेवा लगायतका कार्यक्रमहरु सञ्चालन गर्नको लागि यस हिलिहाङ गाउँपालिकाको वडा नं १ र २ छनौट गरी सोहि वडा अन्तर्गतको रिटर्निङ स्वयंसेवक समेत छनौट गरी कार्यक्रम सञ्चालन गर्ने ।

**निर्णय नं. - ५**

भुउपयोग नियमावली, २०७९ नियम १२ बमोजिम हिलिहाङ गाउँपालिका भित्रको जग्गाको परामर्श सेवा खरिद मार्फत कित्तावाईज कित्ताकाट भूउपयोग वर्गीकरण सम्बन्धी आवश्यक कार्य/प्रक्रिया बढाउनको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. - ६**

वीरदल गण जोरपोखरी पाँचथरले ३८०.१५ रोपनी (१९.३४ हेक्टर) जग्गा नेपाली सेनाको उपभोग गर्दै आएको जग्गाको चारकिल्लाको पूर्व तर्फ बौधमान मैनालीको जग्गा साध अपठ्यारे खोल्सी, पश्चिम तर्फ उतुरे बजार माथि मानेडाँडा, उत्तर तर्फ मेची राजमार्ग र दक्षिण तर्फ याम कुमार भण्डारी, घनश्याम गुरुङ समेतको जग्गा साँध भित्र रहेका घर रहेको हुँदा उक्त क्षेत्र भित्र व्यक्तिले घर टहरा निर्माण भई भोगचलन गर्दै आएको घर जग्गा नपर्ने गरी जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि, हिलिहाङ गाउँपालिका, नापी कार्यालयको प्रतिनिधि तथा मालपोत कार्यालयको प्रतिनिधि सहितको टोलीले नापजाँच गरी साँध सिमाना छुट्याए पश्चात् गाउँपालिकाबाट नेपाली सेनाको माग बमोजिम सिफारिस गर्ने ।

**निर्णय नं. - ७**

पाँच शैयाको अस्पतालको Variation Order का सम्बन्धमा सडक/पूर्वाधारसँग सम्बन्धित ईन्जिनियरलाई हायर गरी जानगरिक समाज, जनप्रतिनिधी अस्तपाल व्यवस्थापन समिति Variation Order गर्न उपर्युक्त हो कि होइन भनी यकीन गरेर मात्र आवश्यक निर्णय लिने ।

**निर्णय नं. - ८**

आ.व.२०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ठेक्का नं HRM/NCB/Works/No-04-078/79, "Construction of 5 Bed Hospital Hilihang Rural Municipality" को निर्माणका लागि बहुवर्षिय ठेक्का आवह्वन गरी मिति २०८०/११/२८ गते कार्य सम्पन्न गर्ने गरि मिति २०७८/११/२७ गते श्री एपेक्स-मिसन जे.भी.,काठमाण्डौसँग ठेक्का सम्झौता भई निर्माण कार्य भईरहेको उक्त अस्पतालको Drawing & Design मा Firefighting र AC Drawing अस्पतालको Norms अनुसार नभएको हुनाले Firefighting र AC Drawing नयाँ Drawing & Design गर्नु पर्ने भएको र अन्य Electrical, Sanitary सामानहरूको Specification अनुसार रहको वा नरहेको जाँच गर्नका लागि परामर्श सेवा लिनु पर्ने भएकोले आवश्यक कार्य/प्रक्रिया बढाउनको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. - ९**

असक्त तथा विपद सम्बन्धी अन्य आर्थिक सहायता समबन्धी कार्यविधि बमोजिम गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

मिति: २०८२/०५/२३ | ने.सं. ११४५ अलागा १ सोमबार | बैठक संख्या - २

**निर्णय नं. - १०**

झापा जिल्ला स्थित अर्जुनधारा राष्ट्रिय महिला भलिबल प्रतियोगिता मुल आयोजक समिति, अर्जुनधारा-६, झापाले लक्ष्मी माध्यमिक विद्यालय अर्जुनधारा-६ को खेल मैदानमा सञ्चालन हुने "अर्जुनधारा राष्ट्रिय महिला भलिबल प्रतियोगिता २०८२" मा व्यवस्थापन तथा सञ्चालनका आर्थिक सहयोग वापत रु.५०,०००।- (अक्षेरेपी पचास हजार रुपैयाँ) अन्य आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।